दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ६८ | बुटवल | २०८१ फागुन १९, गते सोमबार | नेपाल संवत ११४५ | Monday Mar. 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ‘भूमि अध्यादेश फिर्ता नभए अरूमा पनि समर्थन हुन्न’



बुटवल । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमिसम्बन्धी अध्यादेश फिर्ता नभए अरु अध्यादेशहरुमा पनि समर्थन नगर्ने अडान लिएका छन् ।

पार्टी केन्द्रीय समिति बैठकमा राजनीतिक एवं संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष यादवले भूमि सम्बन्धी अध्यादेश फिर्ता लनुपर्ने अडान लिएका हुन् ।

‘संसदमा प्रस्तुत गरिएको ६ वटा अध्यादेशमध्ये भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश देश र जनताको हितमा नरहेको, रियल स्टेट र भू-माफिया तथा दलालहरुको पक्षपोषण गर्ने खालको रहेको, तराई/मधेशको वन जंगल, सार्वजनिक जग्गा, आफ्ना पार्टीका कार्यकर्ताहरुमा वितरण गर्ने उद्देश्यका साथ ल्याइएको हो ।’- प्रतिवेदनमा भनिएको छ ।

भूमि अध्यादेशले वास्तविक भूमिहीन, सुकुम्बासीहरुले जग्गा पाउन नसक्ने पनि प्रतिवेदनमा लेखिएको छ । अध्यादेश ल्याउने सरकारको मनसायप्रति नै यादवले प्रश्न उठाएका छन् ।

‘संसदबाट भूमिसम्बन्धी अध्यादेश फिर्ता नगरुञ्जेलसम्म बाँकी पाँच वटा अध्यादेशहरुलाई पनि सहयोग र समर्थन नगर्ने चट्टानी अडानको कारण अहिलेसम्म सरकारले सदनमा अध्यादेश प्रस्तुत गर्न सकेको छैन, संसदको अधिवेशन आह्वान गर्नु पर्ने बेलामा सरकारले महत्वपूर्ण कानूनहरु अध्यादेशमार्फत् ल्याउनु निश्चय पनि गठबन्धनको सरकारको कुत्सित स्वार्थ तथा मानसिकता देखिन्छ ।’- प्रतिवेदनमा उल्लेख गरिएको छ ।

पार्टीको अडानका कारण जनताको भरोसा जसपा नेपालप्रति बढेर गएको पनि यादवको निष्कर्ष छ ।

## ‘सियारी महिला हत्या : सँगै काम गर्ने मजदुरबाट’




बुटवल । रूपन्देहीको सियारी गाउँपालिका-२ भगदरीस्थित गहुँ खेतमा मृत भेटिएकी महिलाको सँगै मजदुरी गर्ने व्यक्तिबाट हत्या भएको खुलेको छ ।

पक्राउ पर्नेमा रुपन्देहीको तिलोत्तमा नगरपालिका-१२ का ४२ वर्षीय अमिरिका थारू भनिने अजय थारू छन् ।

पक्राउ परेका उनीविरुद्ध ज्यान कसुरमा रुपन्देही जिल्ला अदालतबाट ८ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

उनले ढुंगाले हिर्काएर चौधरीको हत्या गरेको खुलेको रुपन्देहीका डीएसपी सुरज कार्कीले बताए । प्रहरीले चौधरीलाई हिर्काएको ढुंगा, मृतकको मोबाइल समेत बरामद गरेको छ । मदिरा सेवन गरेर विवाद भएपछि उनले हत्या गरेका खुलेको जिल्ला प्रहरी कार्यालय, रूपन्देहीका डीएसपी सुरज कार्कीले बताए ।

भगदरीस्थित बेथरी बेलबास करिडोरको पूर्वतर्फको लेनदेखि तलतिर गहुँ खेतमा उत्तानो परेको अवस्थामा एक महिलाको शव भेटिएको थियो । फागुन ८ गते बिहान सवा ११ बजेतिर शव फेला परेपछि जिल्ला प्रहरी कार्यालयबाट डीएसपीको कमाण्डमा टोली फिल्डमा खटिएको थियो । तालिमप्राप्त कुकुर समेत परिचालन गरेर प्रहरीले अनुसन्धान अघि बढाएको थियो ।

शव जाँच मुचुल्का गरेर प्रहरीले उक्त शव पोस्टमार्टमका लागि भीम अस्पताल भैरहवा पठाएको थियो । प्रहरी अनुसन्धानका क्रममा उक्त शव दाङको लमही नगरपालिका-७ उच्च लिम्बु बस्ने ४० वर्षीया संगीता चौधरीको रहेको खुलेको थियो ।

# देशभित्रै सम्भावनाको विश्वास जगाउन सुशासन जरूरी : डा. शेखर





**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले देशभित्रै सम्भावना र अवसर छ भन्ने विश्वास जगाउन सरकारले सुशासन दिन सक्नु पर्ने बताएका छन् । पार्टीको सूचना, सञ्चार तथा प्रचार विभागले बुटवलमा गरेको कार्यक्रममा नेता कोइरालाले दैनिक १५ सयदेखि २ हजार जना नेपालीको विदेश पलायन र मुलुकमा सुशासन नहुँदा आम नागरिकमा निराशा छाएको औंल्याए ।

‘रोजगारी, शिक्षा र अन्य कारणले दैनिक १५ सय देखि २ हजार जना नेपाली विदेश जाने गरेको विषयले निराशा बढाएको छ,’ कोइरालाले भने-‘देशभित्रै सम्भावना र अवसर छन् भन्ने विश्वास जगाउन सबैभन्दा पहिले सुशासन दिन सक्नु पर्छ ।’

नेपालका विश्व विद्यालयहरुको पाठ्यक्रम परिवर्तन गरेर विद्यार्थीलाई स्वदेशमै पढ्ने र रोजगारी सँगै गर्ने अवसर सिर्जना गर्न राजनीतिक नेतृत्वमा संवेदनशीलता चाहिएको कोइरालाले औंल्याए । हाइड्रोपावर, सोलार, प्रांगारिक कृषि, जडिबुटी, फलफूल, सूचना प्रविधि र फोहोरबाट मल र ऊर्जा बनाएर राम्रो आर्थिक लाभ लिन सकिने कोइरालाले सुझाए ।

उनले आफ्नो पार्टी अहिले कम्युनिष्ट (एमाले) सँग फसेको समेत बताएका छन् । कम्युनिस्टहरुले कांग्रेसलाई बारम्बार दोष दिएर रक्षात्मक बनाएको बताए । एमाले, माओवादी, जसपालगायतका दलसँग कांग्रेस लड्नुपर्ने छ भन्दै पार्टी रक्षात्मक बन्न नहुनेमा जोड दिए ।

‘कम्युनिस्टहरुले बारम्बार कांग्रेसलाई दोष दिइरहेका छन्, कम्युनिस्टसँग फसेको छ कांग्रेस अहिले,’ कोइरालाले भने-‘हामी पार्टीभित्र आफैँबिच लडेर थाकेका छौं, हामी एमाले, माओवादी, जसपा जस्ता पार्टीसँग लड्नु छ, आपसमा लडेर पार्टी बलियो हुन्न, एक ढिक्का हुन पर्छ ।’ आगामी चुनाव एक्लै चुनाव लड्न पार्टीभित्र एकताको खाँचो रहेको भन्दै उनले पार्टीभित्रको लडाई देखेपछि जनताले चुनावमा जित्दैन भनेर मत नदिने बताए ।

पार्टीका विभागहरुले नागरिकलाई फाइदा हुने र जनतासँग जोडिने काम गर्न निर्देशन दिँदै उनले महाधिवेशनमा पक्ष विपक्ष भएपनि अरु बेला एकजुट भएर पार्टी बलियो बनाउन लाग्न आग्रह गरे । कम्युनिष्ट जस्तो कार्यकर्ता आधारित नभई मास बेस्ड ( जनता आधारित) पार्टी भएकाले कांग्रेसको गति अलि सुस्त भए पनि अन्तर्राष्ट्रिय समुदायले कांग्रेसलाई हेरिरहेका कोइरालाले बताए । बीपीले अघि सारेको समाजवाद काग्रेसले नछाडेको उनले बताए ।

**मुलुक र संविधान संकटमा : खाँण**

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाँणले मुलुक र संविधान संकटमा परेको बताए । नेता खाँणले अहिले पार्टीभित्र महाधिवेशन लागिनसकेको तर महाधिवेशन निर्धारित मितिमै हुने दाबी गरे । ‘कांग्रेसको महाधिवेशन निर्धारित समयमै हुन्छ, आशंका गर्न हुँदैन, संवैधानिक व्यवस्था कांग्रेसले उल्लंघन गर्दैन ।’-खाँणले भने ।

कांग्रेसको आगामी नेतृत्वले युवालाई उद्यमशील बनाउन पर्नेमा जोड दिँदै खाँणले पार्टी र सरकार सञ्चालनमा व्यवस्थापकीय क्षमता सुधार गर्नु पर्ने सुझाए । महधिवेशनपछि तीन वटा इञ्जिन भएको रेल जस्तो भएर पार्टी नबन्ने भन्दै खाँणले अब एउटै इञ्जिन भएको रेल जस्तो पार्टी बनाउन पर्ने तर्क गरे । मन्तव्यको क्रममा नेता खाँणले आफूले आफ्नै पार्टी सभापति बोलेको आधा कुरा नबुझ्ने बताए ।

उनले अब आफू डाक्टर बन्न नसके पनि दुई डाक्टरहरु (डा. शेखर र डा. मिनेन्द्र) को संगत गर्ने बताए । खाँणको यो अभिव्यक्तिलाई कांग्रेस नेता कार्यकर्ताले उनले संस्थापन समूह छाडेर कोइराला समूहमा आबद्ध भएको संकेतका रुपमा लिएका छन् । कार्यक्रममा कांग्रेस नेताहरु जीवन परियार, डा. मिनेन्द्र रिजाल, मीन विश्वकर्मा, नेतृ पुष्पा भुसाललगायतले कांग्रेस नेता कार्यकर्ताले तथ्यमा आधारित रहेर पार्टीको पक्षमा प्रचारप्रसार गर्नुपर्ने निर्देशन दिएका थिए ।

## वन उपभोक्ता महासंघसँग वार्ता गर्ने समिति गठन



दाङ । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल लुम्बिनी प्रदेशले कर खारेजीको माग गर्दै आन्दोलन सुरु गरेपछि प्रदेश सरकारले उच्चस्तरीय वार्ता समिति गठन गरेको छ ।

सामुदायिक वन उपभोक्ता महासंघले राखेका विभिन्न मागहरुको बारेमा छलफल गर्न मुख्यमन्त्रीस्तरीय बैठकबाट एक उच्चस्तरीय वार्ता समिति गठन गरिएको हो । लुम्बिनी प्रदेशसभाअन्तरगत रहेको कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठक संयोजक रहेको पाँच सदस्यीय वार्ता समिति गठन गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उप-सचिव मोहन अर्यालले जानकारी दिएका छन् ।

वार्ता समितिमा लुम्बिनी प्रदेशसभा सदस्य अर्जुनकुमार केसी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव ईश्वरराज पौडेल, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थी र सदस्य सचिवमा वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्ले रहेका छन् । सामुदायिक वन उपभोक्ता महासंघले राखेका मागहरुको सम्बन्धमा गठित वार्ता समितिले छलफल गर्नेछ । सामुदायिक वन उपभोक्ता महासंघले प्रदेश आर्थिक ऐन २०८१ बमोजिम सामुदायिक वन उपभोक्ता समूहमा लगाएको वन पैदावार शुल्क खारेजीलगायतका माग राख्दै आन्दोलन गर्दै आएको छ ।

महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कल्पना भण्डारीले सरकारले वार्ता समिति गठन गरेकोबारे कुनै प्रकारको सूचना प्राप्त नभएको बताएकी छिन् । उनले सरकारले वार्ता समिति गठन गरे पनि माग पूरा नहुँदासम्म आन्दोलन जारी रहने बताएकी छिन् । उनले सरकारले लिखित रूपमा वार्ताका लागि बोलाए आफूहरू वार्तामा जान तयार रहेको बताइन् । तर माग पूरा नहुँदासम्म आन्दोलन नरोकिने जनाइन् ।

यसअघिको आन्दोलनमा सरकारले कार्यदल गठन गरेर समस्या हल गर्ने सहमतिमा आन्दोलन स्थगित भएको थियो । तर सरकारले छलफल गर्ने त परैको कुरा कार्यदल समेत बनाउन तयार नदेखिएपछि वन महासंघ निर्णायक आन्दोलनमा उत्रिएको हो । यस पटकको आन्दोलनबाट सरकारलाई घुँडा टेकाउने र कर खारेजी गराएर छोड्ने गरी महासंघले आन्दोलन सुरु गरेको जनाएको छ ।



## सम्पादकीय

# डढेलोको विनाश रोक्न अभियान

गर्मीयाम सुरु भएपछि नेपालमा हरेक वर्ष डढेलोले ठूलो धनजनको नोक्सान हुँदै आएको छ । ठूलो धनजनको क्षति त प्रत्यक्ष छँदैछ । देशका विभिन्न घना वनमा दिनहुँ लाग्ने डढेलोले भइरहेको वातावरणीय विनाशको प्रष्ट लेखाजोखा छैन ।

पछिल्ला वर्ष डढेलोको जोखिम बढेको छ । गत वर्ष ३० वर्ष यताकै धेरै डढेलो लागेको बताइएको थियो । लामो सुख्खायाम एकातिर हुँदै हो, अर्कोतिर वनमा डढेलो लगाउने प्रवृत्तिले समस्या चुलियो । डढेलोले निम्त्याउने समस्याका बारेमा सरोकारवाला सरकारी निकाय जानकार नभएको पनि होइन, तर नियन्त्रणका लागि गरिने कार्यक्रम सुस्त छ ।

डढेलो नियन्त्रण समुदायको सहभागिता विना संभव छैन । समुदायको सहभागिता गराई डढेलो नियन्त्रण अभियान अघि बढाउनुपर्छ । डढेलो लाग्नुपहिले नै पूर्व तयारीका कार्यक्रमले नियन्त्रण अभियान प्रभावकारी हुनसक्छ । वनमा अग्निरेखा बनाउने र अग्निरेखामा भएका पातपतिङ्गर हटाउने बेला हो यो । केही दिन अघि तानसेनका सामुदायिक वनले अग्निरेखामा रहेका पातपतिङ्गर हटाउने अभियान चलाएका थिए । सामुदायिक वनमा अग्निरेखा बनाउने र अग्निरेखामा पातपतिङ्गर हटाउने काम सामुदायिक वन उपभोक्ता समूहले गर्न सक्छन् । राष्ट्रिय वनमा समुदायलाई परिचालन गर्न जटिल छ । ती वनम सरकारी निकाय नै परिचालित हुन ढिलाइ गर्न हुन्न । डढेलो नियन्त्रणका लागि समुदायको परम्परागत ज्ञान र सीपलाई प्रयोग गरे अघि बढ्दा आर्थिक व्ययभार समेत कम पर्छ । समुदायको ज्ञान र सीप प्रयोग गर्दा उनीहरुलाई अपनत्व बढ्छ । कम बजेटमा पनि नतिजामुखी काम गर्न सकिन्छ ।

वनबाट ढलापडा काठ निकाल्ने र पातपतिङ्गर सफा नियमित गर्ने हो डढेलोबाट क्षति न्यूनीकरण गर्न सकिन्छ । वनबाट नियमित ढलापडा काठ निकाल्न बेवास्ता हुँदा जोखिम छ । एक अध्ययन अनुसार, ९० प्रतिशत डढेलो मानवीय कारणले भएको छ । त्यसकारण डढेलो नियन्त्रण गर्न जनचेतना जगाउने र कानुनी कारवाहीको दायरालाई कसिलो र फराकिलो बनाउनुपर्छ ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि



काठमाडौँ । साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक ७५ दशमलव २४ अङ्कले बढेर दुई हजार आठ सय ९० को विन्दुमा कायम भएको छ । जुन दुई दशमलव ६७ प्रतिशतको वृद्धि हो ।

विभिन्न तीन सय दुई कम्पनीका दुई करोड ९१ लाख ६६ हजार छ सय ५६ कित्ता शेयर एक लाख ३९ हजार पाँच सय ९६ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब २५ करोड चार लाख ७५ हजार सात सय ३६ बराबरको कारोबार भएको छ ।

कारोबारमा म्युचुअल फन्ड समूहको उपसूचक एक दशमलव २७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक हरियाली छाएको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ७९, जीवन बिमा समूह चार दशमलव ३१, होटल तथा पर्यटन चार दशमलव २८ र वित्त समूह चार दशमलव २८ प्रतिशतले बढेको छ । बैंकिङ दुई दशमलव ५३, विकास बैंक तीन दशमलव ८८, जलविद्युत् एक दशमलव ९८, लगानी तीन दशमलव ०३, लघुवित्त एक दशमलव ३५, निर्जीवन बिमा तीन दशमलव ४१, व्यापार एक दशमलव ०६ र अन्य समूह एक दशमलव ५१ प्रतिशतले बढेको छ ।

हिमालयन डिस्टिलरी लिमिटेड, गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ९७ करोड ५३ लाख ७७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रो लिमिटेडको आठ लाख ७३ हजार पाँच सय ७६ कित्ता शेयर किनबेच भएको छ ।

## बुटवलले बिर्सेको बुटवलको व्यक्तित्व

# जो बन्दूक फालेर पनि जीवनभरि लडिरहे !



अर्जुन ज्ञवाली

२००० सालको तेस्रो शतक । त्यसमा चार वर्ष थप्नु पर्ला । यसो गर्दा २०२१ देखि २०३४ सालसम्मको समय । यो कालखण्ड ऐतिहासिक नगरी बुटवलको लागि केही आधारभूत कुरामा फड्को मार्ने अर्थमा विशिष्ट कालखण्ड हो । ब्रिटिश साम्राज्यसित लडेर विजयको इतिहास बनाएको बुटवलले यस कालखण्डमा आफ्नो व्यापारिक केन्द्रको भूमिकालाई समृद्ध गर्दै शिक्षा, संस्कृति र राजनीतिक क्षेत्रमा छलाङ मारेको छ ।



बुटवलले भुल्नै नहुने व्यक्तित्व
स्व. बुद्धिबहादुर थकाली

साम्राज्यवादविरुद्धको देशभक्तिपूर्ण राजनीतिक उर्जामा यहाँ छलाङ मार्न सम्भव भएको थियो । यस समयमा व्यापारमा विविधीकरण आयो । शिक्षामा स्कूलबाट अगाडि बढेर कलेज खुल्यो । यसै बेला लुम्बिनी कलेजको स्थापना भएको हो । युनाइटेड मिसनको पहलमा बुटवल टेक्निकल इष्टिच्युटको स्थापना भयो । यसको स्थापनापछि बुटवललाई प्रविधि र प्राविधिक दुवै प्राप्त भए । सानातिना उद्योग स्थापना हुन सुरु भयो । उद्योगले बजारलाई उत्पादन दिन थाल्यो । यसले व्यापार विविधीकरणमा मद्दत पुग्यो । बुटवल टेक्निकलको प्रविधिले बुटवलमा मात्रै उद्योगीकरण सुरु गरेन, यसले पश्चिम नेपालमै लघु उद्योगको स्थापनामा ठाउँ बनायो । स्मरणीय छ, यसै बखत बुटवल पावर कम्पनीको स्थापना भएको हो र तिनाउ खोलामा पावर हाउस बनाई सानै स्केलमा भए पनि जलविद्युत् उत्पादन र वितरण सुरु भयो । यसबाट बुटवलले उज्यालो पनि पायो, उद्योगका लागि उर्जा पनि पायो ।



अविस्मरणीय सांस्कृतिक योद्धा

समाज विकासका गतिविधिमा राजनीति कारक हुन्छ । यो समय र परिस्थितिअनुसार अन्तरङ्ग पनि हुन्छ, बहिरङ्ग पनि हुन्छ । यस कालखण्डमा बहिरङ्ग राजनीतिले अलि छलाङ हान्यो । त्यसमा वाम राजनीतिले त्यसमा पनि कम्युनिष्ट राजनीतिले यहाँ बढी छलाङ हान्यो । छलाङ्को कथा मार्गदर्शक छ । यसलाई पिढी-दरपिढीले बुझ्नु जरुरी छ ।

यसलाई बुझाउन छलाङ्सित सम्बद्ध व्यक्ति वा संस्था सहयोगी हुन सक्छन् । यसका लागि कथा-विधि पनि एउटा विधि हुन सक्छ । सामाजिक व्यक्ति-विशेष वा संस्था-विशेषलाई रोजेर तिनका काम कर्मलाई अलिकति कथात्मकता दिई बोधगम्य सरल शब्द पस्किन सके बुझ्न बुझाउन सजिलो हुन्छ । यो विषयवस्तु उजागर गर्न बुटवलमा थुप्रै पात्र छन् ।

बुटवलमा वाम राजनीति र वाम संस्कृतिको सन्दर्भमा यस्तो छलाङ कथा लेख्नु पर्दा बुद्धिबहादुर थकाली र रेलिमै सांस्कृतिक संस्था महत्वपूर्ण प्रतिनिधि पात्र हुन सक्छन् ।

**बुद्धिबहादुर थकाली को हुन् ?**

नाम बुद्धिबहादुर थकाली, जन्म १९७९ साल भदौ २५, बाउको नाम गोरे थकाली, घर मुस्ताङ्ग जिल्लाको टुकुचे । त्यतिखेर त्यहाँ शिक्षादीक्षाको व्यवस्था थिएन । यिनी सानो बालक छँदै बाउ मरे । आमा सुनमायालाई टुहुरो छोरो हुर्काउन निकै गाह्रो भयो । ६ वर्षको बाल्ख काखमा च्यापेर सहारा खोज्दै कहिले स्याङ्जा, कहिले कुस्मा हुँदै नुवाकोटसम्म पुगिन्, आमा । अन्त्यमा एउटा सहयोगीको सहयोगमा नुवाकोटमा भट्टी पसल गरेर छोरो हुर्काउन थालिन् । छोरो १७/१८ वर्षको लक्का जवान भयो । तबसम्म जेनतेन साक्षरसम्म गराइन् । त्यतिखेर विश्वमा युद्धका खबरले नेपाली युवाहरुलाई पनि आकर्षित गरेको थियो । यसमा बुद्धिबहादुर पनि आकर्षित हुन पुगे । अनि गाउँका अगुवा केटाहरुसित लागेर तिनी पनि ब्रिटिश छाउनीमा युद्ध लड्नका लागि भर्ना हुन पुगे ।

दोस्रो विश्व युद्धमा १९९७ सालदेखि २००४ सालसम्मका सात वर्षसम्म बुद्धिले युद्धको बन्दूक खेलाए । तर, बन्दूक खेलाउँदै गर्दा युद्धले गरेको नरसंहार र रगतले उनको फौजी जीवनमा नफरत आयो । अनि त एकाएक बन्दूक फालेर स्वदेश फर्के । फौजी जीवनकै बिचमा उनको विवाह भएको थियो र एउटा छोरा पनि जन्मेको हो, तर असमयमै आमा छोरा र बज्यैलाई प्रकृतिले आत्मलीन गरिदियो ।

स्वदेश फर्केपछि बुद्धिबहादुर थकालीको कर्मभूमि बुटवल बनेको छ । बुटवलबाट उनको नयाँ जीवन पद्धति सुरु भएको छ । जीवन निर्वाहका लागि सामान्य कृषि र व्यापारमा हात हाले । युद्धको विभत्स नरसंहार र रगतको बाढी देखेपछि विक्षिप्त भएर बन्दूक बिसाएका बुद्धिबहादुरमा दानवताविरुद्ध मानवताको भाव उत्पन्न भएकै थियो । त्यही भावको प्रेरणा हुनुपर्छ, यिनी सामाजिक सेवामा बढी अग्रसर हुन थाले । छरछिमेकमा झैँझगडा, मुद्दा मामिलामा मेलमिलापको भूमिकामा देखिन थाले । सामाजिक काममा रुचि आयो । बाटाघाटा, धारापानी, मन्दिर, पाटी, पौवा, स्कुल बनाउनेमा अग्रसर भए । जोगीकुटी बगैंचामा स्थापित विश्वशान्ति नेपाल राष्ट्रिय प्राथमिक विद्यालयलाई कालिकानगरको बाङ्गे कुसुमको उपयुक्त ठाउँमा स्थानान्तरण गरी समृद्ध कालिका विद्यालय बनाउनेमा बुद्धिबहादुर थकालीलगायत जीतबहादुर गुरुङदेखि मानबहादुर गलामीसम्मका शिक्षाप्रेमीहरुको पहल उल्लेखनीय छ । जुन विद्यालय अहिले राष्ट्रकै एक उत्कृष्ट उच्च मा.वि.मा दर्ज छ ।

बुटवलको कान्ति माध्यमिक विद्यालय जसको नाम एउटा उत्कृष्ट विद्यालयको रुपमा आउँछ, त्यसको पूर्वरुप गणेश जनता निम्न माध्यमिक विद्यालय हो । त्यसको सञ्चालन, व्यवस्थापन र समृद्धिमा बुद्धिबहादुर थकालीको ठूलो योगदान छ । विद्यालयको जग्गा व्यवस्थापन, भवन निर्माण र कक्षामा राम्रो पठनपाठन बनाउनमा पनि यिनी निकै खटेका हुन् । यसमा यिनको सक्रियतालाई देखेर त्यो स्कुल कम्युनिष्टको स्कुल भन्ने पनि भएको हो । सामाजिक काममा सक्रिय देखिंदै गएपछि ठाउँ-ठाउँमा यिनको खोजी हुन थाल्यो । अरु विद्यालयले खोज्न थाले । संघसंस्थाले खोज्न थाले । कहीं नयाँ बाटो खोल्नुपर्‍यो बुद्धिबहादुर, कहीं झैझगडा, मुद्दा मामिला मिलाउन पर्‍यो बुद्धिबहादुर भन्ने भयो । यिनी 'योजना निर्माण'मा अलि बढी रुचि राख्ने खालका रहेछन् । त्यसै भएर होला बुटवलको कृषि क्षेत्रमा कुलो पानी, बजारमा खेलकुद मैदान, मठमन्दिर क्षेत्र, नदी तटबन्ध, बस्ती बसाउने उपयुक्त ठाउँ रोज्ने जस्ता कुरामा अग्रसर देखिए । धेरै जसो विद्यालय, संघसंस्था, मठमन्दिरको अभिलेखमा यिनको नाम सञ्चालकमा छ ।

दोस्रो विश्व युद्धको मैदानमा नरसंहारको दृश्य देखेर जब यिनले बन्दूक फाले त्यतिखेरदेखि नै साम्राज्यवादसित यिनको वितृष्णा पैदा भएको थियो । यसै वितृष्णाको कारण यिनी जाली फटाहा विरोधी भएर निस्के । शोषण, उत्पीडनविरुद्ध गरिब गुरुवाको पक्षमा देखिन पुगे । यिनको पक्षगत उपस्थितिलाई देखेर ठालुहरुले यिनलाई कम्युनिष्ट भनेर कित्ताकाट गरेका हुन् । कम्युनिष्टको कित्तामा दर्ज भएका बुद्धिबहादुर अन्तमा नेपाल कम्युनिष्ट पार्टीमा आबद्ध भए ।

यसरी सामाजिक क्षेत्रमा ख्याति बनाएका गरिब गुरुवाको पक्षमा देखिएका बुद्धिबहादुर थकाली २०२२ सालमा बुटवल नगर पञ्चायतको उप-प्रधान पञ्च चुनिए । उप-प्रधान पञ्च चुनिएपछि यिनले बुटवललाई आफूले प्लान गरेजस्तो बुटवल बनाउन भरमग्दूर प्रयास गरे । कतिपय कुरामा सफल पनि भए । जनपक्षीय काम गरेर उप-प्रधान पञ्च भएका बुद्धिबहादुर थकालीले जनपक्षीय कामै गरेर आफ्नो कार्यकाल पूरा गरे ।

जनपक्षीय राजनीतिको चेतमा सामाजिक अभियन्ता बनेका बुद्धिबहादुर थकाली उप-प्रधान पञ्चपछि एउटा बलियो सांस्कृतिक योद्धा बनेर निस्के ।

२०२२ सालमा बुद्धिबहादुर थकालीको घरमा मोदनाथ प्रश्रितको डेरा भयो । त्यतिखेर मोदनाथ लुम्बिनी सन्देश साप्ताहिकको सम्पादक थिए । सँगसँगै साप्ताहिकको कार्यालय पनि त्यहीं भयो । त्यतिखेर बुटवलमा साहित्यिक गतिविधि खासै थिएन । त्यसतर्फ पहल सुरु हुन थाल्यो । एक दिन गणेश जनता मा.वि.मा एउटा गोष्ठीको संयोजन गरियो । त्यसमा सभापति बुद्धिलाई बनाइयो । त्यहाँ प्रस्तुत गीत, कविता, लघुनाटक, व्यंग्य, विचारहरु सुनेर तिनी निकै प्रभावित भए । त्यही गोष्ठी हो, जसले बुद्धिबहादुरलाई अन्ततः सांस्कृतिक योद्धा बनाइदियो ।




२०२३ सालदेखि बुटवलमा राजनीतिक गतिविधिका साथसाथै सांस्कृतिक गतिविधि बढेर गएका छन् । त्यसमा यो घर राजनीतिकर्मीहरु र संस्कृतिकर्मीहरुको हेड क्वाटर नै बन्यो । यस घरमा एकातिर मार्क्सवाद मालाको क्लास चलेको हुन्थ्यो भने अर्कोतिर गीत संगीतको आलय हुन्थ्यो ।

*त्यहाँ*
*पूर्वमा रातो लालीमा छाउँदैछ*
*धुरुमा धुरु नरोऊ आमा तिम्रो दिन आउँदैछ*

*लेफ्ट राइट लेफ्ट राइट नौजवान !*
*ए देशका गरिब हो !*
*विदेशीसित पसारी हात कति दिन माइखाने*
*अब त चुप्प दुर्दशा हेरी बसे त गाइखाने*

जस्ता गीतहरुमा संगीत कम्पोज भइरहेको हुन्थ्यो । जागरणको यो अभ्यासले वस्तुतः माया प्रीतिको तरुनी तन्नेरी फकाउने बुटवलको भट्टी संस्कृतिलाई राम्रै प्रहार गर्‍यो ।

२०२४ सालमा बुटवलमा रेलिमै सांस्कृतिक मण्डलको स्थापना भयो । त्यसका प्रथम अध्यक्ष हुन् जीवराज आश्रित । मण्डलको स्थापनापछि सांस्कृतिक गतिविधि अरु बढेर गयो । त्यसै बखत मोदनाथ प्रश्रित, बुद्धिबहादुर थकाली, जीवराज आश्रित, रामप्रसाद प्रदीपहरुको संयुक्त प्रयासमा जाली फटाहाविरुद्ध 'पचास रुपैयाँको तम्सुक' नाउँको प्रगतिशील नाटक लेखियो र मञ्चन गरियो । यसले यथास्थितिको संस्कृतिमा जबर्जस्त प्रहार गर्‍यो ।

*दाजै न हिंड न आजै*
*बहिनीः दाजै न हिंड्न आजै हामीलाई छोडेर*
*दाजुः बैनी ! कसरी हो जिउनी कमारो भै बसेर*
*बहिनीः बूढाबूढी बाबु आमा साना छोराछोरी*
*कहाँ जान्छौं सबैलाई अलपत्र पारी ?*
*दाजुः भुरुरुरु चरी उडिगयो हिमाल पार*
*बहिनी ! यहाँ गरिबको छैन घरबार ।*

बुद्धिबहादुर थकालीको घर क्रमशः गीत, संगीत, नृत्य तथा नाटकको प्रशिक्षण केन्द्र बन्दै गएको थियो । यी यस्ता गीत, संगीत अनि नृत्य घरका दैनिकी नै बने । सँगसँगै नाटक, अभिनय र गीत लेखन तालिम हुन थाल्यो ।

शोषककाविरुद्ध गरिबको पक्षपोषण गर्ने यी गीत संगीत र नृत्यले बुटवलमा अलि व्यापक रुपमै नयाँ उभार ल्यायो । साथसाथै गरिब गुरुवाको पक्षमा पनि गीत संगीत हुन्छन्, साहित्य हुन्छ भन्ने सन्देश सर्वसाधारणमा पुग्यो ।

*ल हेर है !*
*ल हेर है ! ल हेर है ! ल हेर है ! ल हेर है !!*
*म धर्तीको सपूत हुँ, किसान हुँ, किसान हुँ*
*नवीन विश्व सिर्जने परिश्रमी म ज्यामी हुँ,*
*यसै बिसौ शताब्दीको सिकर्मी हुँ, म छात्र हुँ*
*म न्याय पक्षको अजय वीर हुँ सिपाही हुँ ।*
*यो हाम्रो हातेमालोमा यो देशको भविष्य छ*
*यिनै बलिष्ठ हातमा यो विश्वको भविष्य छ !!!*
*दुहेर धर्ती अन्नले असंख्य प्राण पाल्दछौं*
*गरेर सिर्जना नयाँ यो विश्व जगमगाउँछौं*
*अनन्त ज्ञानका नयाँ नयाँ मुहान खोल्दछौं ।*
*निभाई शत्रुलाई शान्तिको प्रकाश छर्दछौं ।*
*यो विश्वको निधारमा भाग्य हामी लेख्दछौं*
*ल हेर भोलि हुन्छ के आज हामी ठोक्दछौं ।*
*लेफ्ट राइट, लेफ्ट राइट नौजवान !*

यस्तै, बेला बखत विशिष्ट सांस्कृतिक कार्यक्रम, विद्यालयमा सांस्कृतिक कार्यक्रम, संघसंस्थाका विशेष कार्यक्रम तथा मेला पर्वमा प्रस्तुत गरिने सांस्कृतिक कार्यक्रमले त्यो समयमा बुटवलले क्रान्तिकारी सांस्कृतिक क्रान्तिको विगुल फुकेको हो । अर्कोतिर बुटवलको तरुनी तन्नेरी फकाउने माया प्रीतिको भट्टी संस्कृतिमाथि बज्र प्रहार नै गर्‍यो रेलिमैले । त्यस्तै यसै समयमा भैरहवामा प्रगतिशील तप्काका युवाहरुले मिर्मिरे सांस्कृतिक समाज खोली जागरण अभियान चलाए ।

रेलिमैले आफ्नो जागरण अभियानलाई भैरहवा छपिया गर्दै जिल्लाव्यापी बनाएर लग्यो । यसको तरंग छिमेकी जिल्ला नवलपरासी र कपिलवस्तुमा पनि फैलियो । जेहोस्, बुटवललाई केन्द्रविन्दु बनाएर यतातिर प्रगतिशील सांस्कृतिक जागरणको भूकम्प ठूलै रेक्टर स्केलमा गयो । यसका पराकम्प लुम्बिनी अञ्चलभरि गए ।

रेलिमै झनपछि झन जबर्जस्त बन्दै गयो । कलाकारहरुमा जाँगर भरिदै आयो । कलाकारहरु झोला झोलामा दाल, चामल, नून, तेल हालेर गाउँगाउँ, बस्तीबस्ती पुगे । रुपन्देही बाहिर गुल्मी, पाल्पासम्म पनि पुगे । कपिलवस्तु, रुपन्देही, अर्घाखाँची र नवलपरासीलाई पनि समेटे ।

यस क्रममा बुद्धिबहादुर थकाली गीत पनि लेख्ने, नाच्ने, बजाउने पनि अनि नाटकमा अभिनय गर्दा गर्दै र हास्यव्यंग्यमा भाग लिदालिदै लेखक, नर्तक, बाद्यवादक तथा अभिनेता बनिसकेका थिए । मार्क्सवादी चिन्तनले यिनको कलम सशक्त बन्दै गयो । यिनले 'लाहुर जाने धोको' शीर्षक सिंगो नाकट लेखे । सँगसँगै गमनसिंह गुरुङ (बुद्धिका धर्म बाउ) को जीवनी पनि लेखे । 'लाहुर जाने धोको' नाटकको सफल मञ्चन भयो । यसले दशर्कहरुमा राम्रो प्रभाव जमायो । युद्ध र साम्राज्यवादप्रति घृणा जगाइदियो ।

» बाँकी ३ पेजमा

# नेकपाद्वारा शहीद–बेपत्ता परिवार सम्मान



बुटवल । सहिद सप्ताहअन्तर्गत नेकपा रुपन्देहीले आइतबार एक कार्यक्रम गरी जनयुद्धका क्रममा रुपन्देहीबाट साहदत भएका सहिद तथा बेपत्ताका परिवारलाई सम्मान गरेको छ ।

२०५२ साल फागुन एक गतेदेखि सुरु भएको जनयुद्धका क्रममा रुपन्देहीबाट २०५५ साल कात्तिक २३ गते माधब घिमिरेको पहिलो साहदत भएको थियो भने एकै घरपरिवारका ६ जनासहित ७१ जनाले रुपन्देहीबाट बलिदानी गरेको नेकपा रुपन्देही सेक्रेटरी वीरेन्द्र सीले बताए । सहिद र बेपत्ता परिवारलाई सुपानेट झुल, खादा र नगदसहित सम्मान गरिएको उक्त कार्यक्रममा करिब ६० सहिद परिवार उपस्थित भएका थिए ।

सो सम्मान कार्यक्रममा नेकपाका पोलिटव्युरो सदस्य एवं रुपन्देही इञ्चार्ज बसन्त सीले सहिदहरुको बलिदानको जगमा जन्मिएको वर्तमान व्यवस्थामा शासन चलाउनेहरुलाई जनयुद्ध र सहिदहरुको अपमान गर्ने छुट नभएको बताए ।

राणा शासनकाविरुद्ध संघर्षमा साहदत गरेका चार सहिद, पञ्चायतकाविरुद्ध सुखानिलगायतका आन्दोलनका सहिद र राजतन्त्रको अन्त्यका लागि जनयुद्धका सहिदमा फरक हुन नसक्ने उनले बताए ।

यस्तै नेता बसन्तले सहिद परिवारहरुलाई सम्मान गर्नुको साटो जनयुद्धलाई नै अपराधिकरण गर्न खोजेको भन्दै अपमान गर्ने धृष्टता नगर्न चेतावनी दिए । जनयुद्धका सहिदहरुलाई राष्ट्रिय सहिद घोषणा गर्नुपर्ने उनको माग छ । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य सरद सीले सहिदपरिवारसँग सहकार्य गर्दै हिमाल पहाड तराईका जनताको साथमा दलाल पुँजीवादी सत्तालाई अन्त्य गरी नेपाली विशेषताको समाजवाद ल्याउन फेरि एकपटक नयाँ संकल्प गर्न जरुरी रहेको बताए ।

अर्का केन्द्रीय सदस्य विश्वास सीले सहिदहरुका सपना पूरा नभएको र बलिदानीको उचित सम्मान नभएको जिकिर गरे ।

सहिद बेपत्ता परिवारकी केन्द्रीय सचिव जया सीले सहिद बेपत्ता परिवार दल विषेशमा विभाजित नभै एकजुट हुन आवश्यक रहेको बताइन् ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रकी रुपन्देही इञ्चार्ज तथा सहिद परिवार सोनीया यादव, सभासद तथा सहिद परिवार लता घिमिरे, सहिद बेपत्ता समाज रुपन्देही सचिव शिव घिमिरे, सहिद जीवनारायण सुवेदीकी श्रीमती ईन्दिरा सुवेदी, पार्टीका केन्द्रीय सदस्य शरद सी, केन्द्रीय सदस्य विश्वाश सी, केन्द्रीय सदस्य एवं जिल्ला सेक्रेटरी वीरेन्द्र सीलगायतले बोल्दै सहिदहरुको योगदानलाई खेरजान दिन नहुने बताए । कार्यक्रममा सहिदपरिवारसँग अन्तरक्रिया समेत गरिएको थियो ।

# अपाङ्गता भएका व्यक्तिहरूलाई उद्यम गर्न आर्थिक समस्या भएको गुनासो

नवलपुर । नवलपुरका अपाङ्गता भएका व्यक्तिहरुले आफूहरुले उद्यम गर्न चाहाना हुँदा पनि आर्थिक समस्याका कारण उद्यम गर्न कठिनाई हुने गरेको गुनासो गरेका छन् ।

उनीहरुले अपाङ्गता भएका व्यक्तिहरुले उद्यम ब्यवसाय गर्न चाहेमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले अनुदान उपलब्ध गराउनु पर्ने माग राखेका थिए ।

'उपयुक्त ह्वीलचियर पहुँच युक्त नेपाल, स्वतन्त्र गतिशीलता हाम्रो अधिकार' भन्ने नारा सहत १७औं अन्तर्राष्ट्रिय ह्वीलचियर दिवसको अवसरमा पारेर नवलपुरको मध्यविन्दुमा छलफल तथा अन्तरक्रिया कार्यक्रममा उनीहरुले माग गरेका हुन् ।

त्यसैगरी कार्यक्रममा सहभागी अपाङ्गता भएका व्यक्तिहरुले नगरपालिकाले नापजाँच नगरी वितरण गरिने ह्वील चियर आफूहरुको अनुकुल नभएको गुनासो गरेका थिए ।

त्यसैगरी फिजियो थेरापी सेवा सञ्चालन गराउनु पर्ने अपाङ्गता बालबालिका अध्ययन गर्ने स्रोत कक्षा सञ्चालन गर्नु पर्नेलगायतका माग राखेका थिए । सामाजिक विकास कार्यालय नवलपुरको आयोजना तथा अपाङ्गता पुनर्स्थापना समन्वय परिषद् नवलपुरको समन्वयमा भएको कार्यक्रमको मध्यविन्दु नगरपालिकाका नगर उपप्रमुख पूर्णकला चौधरीले उद्घाटन गरेकी थिइन ।



अपाङ्गता पुनर्स्थापना समन्वय परिषद् नवलपुरका अध्यक्ष सागर लुइँटेलको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै मध्यबिन्दु नगरपालिका उप-प्रमुख पूर्णकला चौधरीले नगरपालिकाले योजनाहरु छनौट गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई प्रथामिकतामा राखेर योजना छनौट गर्ने बताइन । उनले नगरपालिकाभित्र बन्ने संरचनाहरु अपाङ्गतामैत्री बनाउने प्रतिबद्धता पनि जनाइन ।

कार्यक्रममा मध्यविन्दु नगरपालिकाका वडा अध्यक्षहरु, सामुदायिक वनका अध्यक्षहरु लगायत सामाजिक संघसंस्थाका प्रतिनिधिसहित करिब ६० जना अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता थियो ।

कार्यक्रममा फिजियो थेरापी सञ्चालन दिवा सेवा तथा स्रोत कक्षा सञ्चालनलगायत विभिन्न विषयमा छलफल गरिएको थियो । भेलाबाट ९ सदस्य एकृकीत योजना तर्जुमा समिति गठन गरिएको छ । त्यसैगरी कार्यक्रममा रेशम फिरिरीका दिपक पंगेनीले अपाङ्गता सम्बन्धित परियोजना ल्याउन सहयोग गर्ने प्रतिबद्धता जनाए ।

# अज्ञात रोगले बंगुर मर्न थालेपछि किसान चिन्तित

बलेवा । जिल्लाको बरेङ गाउँपालिकामा अज्ञात रोगका कारण बङ्गुर मर्न थालेका छन् । दश दिनको अवधिमा बरेङ-२ हुग्दिशिरको सिग्दी र बरेङ बजार आसपासमा अज्ञात रोगका कारण छ वटा बङ्गुर मरेपछि किसान चिन्तित बनेका हुन् ।

अज्ञात रोगले अन्दाजी ५० किलोको एक र तीन महिनाको दुई वटा पाठा मरेका सिग्दीकी शिला थापाले बताइन । भाटी बजारका सविन राम्जालीको झण्डै ५० किलो, सातदोबाटोका मोहन पुनको करिब ४५ किलो र फटिक पुनको बङ्गुर पनि अज्ञात रोगले मरेका छन् ।

बङ्गुरमा एक्कासी ज्वरो आउने, दानापानी नखाने, बाक्ने, पखाला लाग्नेलगायत लक्षणहरू देखा परेको भाटीबजारका सविन राम्जालीले बताए । अज्ञात रोगले बङ्गुर मर्न थालेपछि आफूजस्ता किसान मर्कामा परेका उनको भनाइ छ ।

पालिकाको पशुसेवा शाखा प्रमुख नारायण पौडेलले मरेका सबै बङ्गुरमा फरकफरक लक्षण देखिएकाले दानामा समस्या हुनसक्ने आशङ्का व्यक्त गरे । "महामारीजन्य रोग हो वा होइन पत्ता लगाउन स्वाब सङ्कलन गरेर परीक्षणका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउँदैछौँ ।"-उनले भने ।

पौडेलका अनुसार अहिले अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण नदेखिएकाले अरु कारणले बङ्गुर मरेका हुन् । "अहिले तीन/चार दिन भयो त्यस्तो समस्या नदेखिँदा अफ्रिकन स्वाइन फिभर होइन कि भन्ने अनुमान गरेका छौँ", उनले भने-"वास्तविकताका लागि प्रयोगशाला परीक्षणका लागि रगत पठाउने तयारीमा छौँ ।" अफ्रिकन स्वाइन फिभर भएको भए एउटै फार्मको केही मर्ने केही नमर्ने भन्ने नहुने उनको भनाइ छ ।

लक्षणहरू हेर्दा बुटवलबाट ल्याएको दानाका कारण बङ्गुर मरेको हुनसक्ने भन्दै पौडेलले दानाको पनि परीक्षण गरिने उल्लेख गरे ।

**जो बन्दूक फालेर...**

२०२८ सालमा आफ्नो बासमा मात्र होइन, प्रवासमा पनि जागरण अभियान चलाउनु पर्छ भनेर रेलिमैको सांस्कृतिक अभियान भारत प्रवासमा पनि गएको छ । अभियानले दुई महिनासम्म भारतका गोरखपुर, वनारस, गुहाटी, तेजपुर, सिलाङ्, दार्जिलिङ् खर्साङ् आदि नेपालीहरुको बाहुल्य हुने ठाउँमा जबर्जस्त जागरण अभियान चलायो । अभियानमा 'पचास रुपैयाँको तम्सुक' नाटकले निकै राम्रो प्रभाव पा¥यो । त्यसमा बुद्धिबहादुरको अभिनय निकै 'हिट' भयो । त्यस्तै प्रगतिशील गीत संगीत नृत्य तथा प्रहसनहरुले घर छोडेर बिरानु देशमा बसेका नेपालीको मनमा हिम्मत जगाइदियो, साहस भरिदियो र आफ्नो भविष्य आफ्नै देशमा खोज्नु पर्छ भन्ने दिशाबोध गरिदियो ।

अभियानमा १८ जना कलाकारको टोली थियो । मोदनाथ प्रश्रितको नेतृत्वमा रहेको टोलीको प्रमुख व्यवस्थापक बुद्धिबहादुर थकाली थिए । कलाकारमा पन्नलाल शाक्य, खेमान सिंह गुरुङ, देवानसिंह गुरुङ, रामप्रसाद प्रदीप, प्रचण्डबहादुर बुढाथोकी, चन्द्रबहादुर थापा, नयेन्द्र शेरचन, रामबहादुर मानव, गोपालप्रसाद कालिराज, गौतमप्रसाद कालिराज, शंकर कपाली, सरस्वती पाण्डे, सीता थकाली, मन थापा, विष्णु श्रेष्ठ, लक्ष्मी शाहीसहित गोविन्द आत्रेय थिए । रेलिमैको प्रवास सांस्कृतिक जागरण सामान्य अभियान भएन । प्रगतिको खाका बोकेको कलात्मक बहादुरीको कार्यक्रम भयो । यसले देशभरिबाट प्रवासमा गुजाराका लागि बसेका असंख्य नेपालीहरुमार्फत् नेपालभरि जागरणको सन्देश प्रवाह ग¥यो ।

यसपछि पनि बुद्धिले आफ्नो सांस्कृतिक अभियानलाई जारी राखे । आफ्नो गार्हस्थ्य जीवनलाई गौण र यस अभियानलाई मुख्य बनाएरै रेलिमै सञ्चालन गरे । जनताको समस्या, दुःख, पीडा, अपेक्षालाई गीत संगीतमा नाटकमा समेटेर अझ सघन रुपमा सडकमा निस्के । यो सक्रियतालाई पंचायती शासकले सहन सकेन । २०३१ साल मंसिरमा यिनलाई पक्राउ गरेर पाल्पा जेलमा हालियो । जेलनेलसित नडराउने बहादुरले आफ्नो जेल जीवनमा पनि आफ्नो कलालाई अझ तिखारे । बिचमा एक पटक म भेट्न गएको थिएँ । छिलिङ् छिलिङ् गर्दै साङ्लाको गल्फन्दीमा जेलको ढोकामा प्रस्तुत मेरा श्रेद्धयबहादुरको शरीर क्षीण थियो । उनी बिरामी रहेछन् । तर, उनको नूर कति पनि गिरेको थिएन ।

पछिल्लो समय उनको स्वास्थ्य गिर्दै गयो । उनी कमजोर भए । कहीं यिनको जेलमै मरण हुन्छ कि भन्ने भएर दुई वर्षपछि रिहा भए । बुटवलमा जहिल्यै रेलिमैको चर्चा हुन्थ्यो, बुद्धिबहादुरको नाम आउँथ्यो, मेरा मानस पटलमा त्यही साङ्लाले बाँधेको मानव चित्र मडारिएर आउँथ्यो । म जिरिङ्ङ हुन्थैं । रिहा भएको अर्को वर्ष २०३४ श्रावण १० मा यिनको निधन भयो ।

बुटवल आएपछिको गार्हस्थ्य जीवनमा उनका दुईवटी पत्नी हुन् । जेठी-मनमाया थकाली । तिनबाट एउटी छोरी -सीता मल्ल थकाली । मनमायाको निधन भएको छ । कान्छी -सुमित्रा थकाली । तिनका चारवटी छोरी । एउटीको निधन भएको छ । बुद्धिबहादुरलाई यो बुद्धिबहादुर बनाउनमा दुवै पत्नी र छोरीहरुको ठूलो हात छ ।

म २०२४ सालदेखि २०३२ सालसम्म बुटवलमा लुम्बिनी सन्देश साप्ताहिकको सम्पादक थिएँ । त्यसो भएर पनि म २०२४ सालदेखि २०३२ सालसम्मको बुद्धिबहादुर थकाली र रेलिमै सांस्कृतिक मण्डलको बारेमा प्रत्यक्षदेखि जान्ने साक्षी हुँ । दोस्रो, तेस्रो कुन कालखण्ड हो बिर्से, त्यसमा रेलिमैको एउटा खण्डको निर्वाचनमा म निर्वाचन अधिकृत थिएँ ।

**तपशिलका दुईटा कुरा**

सांस्कृतिक योद्धा तथा सामाजिक अभिन्यता बुद्धिबहादुर थकाली व्यक्तिगत रुपमा पनि दीनहीन, गरिब, असहाय, अनाथहरुलाई सहयोग गर्ने र मठमन्दिरमा दान दातव्य दिने मनकारी मान्छे हुन् । यिनले कालिकानगरमा शिवालय मन्दिरका लागि जग्गा दान गरेका थिए । जहाँ अहिले शिवालय मन्दिर छ । त्यहाँ जाने बाटो पनि खोले । त्यसको नाम बुद्धि मार्ग राखियो । पछि त्यसलाई काटेर बुद्ध मार्ग बनाइयो । यस सम्बन्धमा छोरी सीताले भनिन्- बुबाले शिवालय मन्दिर बनाउन जग्गा दिनु भएको हो र त्यहाँ जान बाटो पनि बनाउनु भएको हो । त्यसको नाउ बुद्धिमार्ग लेखिएको थियो । पछि जाँदा बुद्धिमार्ग काटेर बुद्धमार्ग लेखेका रहेछन् । कान्छी आमा सोझी । आपत्ति गर्न सक्नु भएनछ । आफूले कृति राख्न नसक्ने अर्कोले राखेको कृति पनि सहन नसक्ने कुकर्म अवश्य पनि अप्रिय हो- एक ।

बुटवल अहिले शालिकै शालिकको शहर भएको छ । तर, यहाँ यिनको शालिक छैन । शालिकहरुको नामावली हेर्दै जाँदा जसलाई पनि बुद्धिबहादुर थकालीको शालिक छुटेको रहेछ भन्ने लाग्छ - दुई ।

**सामग्री स्रोत**

*१. मोदनाथ प्रश्रितको लेख*

*२. गोविन्द आत्रेयको यायावरीय अनुभूति*

*३. स्वाधीन साप्ताहिकको सम्पादकीय र दुई अन्य लेख ।*

*४. प्राचार्य घनश्याम पाठकको प्रतिवेदन*

*५. नेत्रप्रसाद पन्थी*

*६. मदन पौडेल*

*७. देवेन्द्र घिमिरे*

*८. कृष्ण ज्ञवाली (बुटवल उप-महानगरपालिकाका पूर्व प्रशासकीय अधिकृत)*

*९. सीता थकाली मल्ल (बुद्धिबहादुर थकालीकी छोरी) २०८१ फागुन १९*

लुम्बिनी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
सन्धिखर्क,अर्घाखाँची

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः-२०८१/११/१९)

यस कार्यालयको मिति २०८१/१०/०६ मा गोरक्ष राष्ट्रिय दैनिक रमिति २०८१/१०/१३ मा लुम्बिनी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त भएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित निर्माण व्यवसायीले कबोल गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभाव ग्राही भै स्विकृतिको लागि छनौट भएको हुदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२)तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ .

**तपशिल**

| ठेक्का न. | निर्माण स्थल/जिल्ला | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक(मु.अ.कर सहित) |
|---|---|---|---|
| WIDDARG/ NCB-18/081-82 | सन्धिखर्क-०८,र भुमिकास्थान-०४,अर्घाखाँची | लुम्बिनी निर्माण सेवा सन्धिखर्क-०८, अर्घाखाँची | २१६९१२१.३०(एक्काइस लाख उनान्सत्तरी हजार एक सय एक्काइस रुपैया तिस पैसा मात्र) |
| WIDDARG/ NCB-19/081-82 | भुमिकास्थान-०२,अर्घाखाँची | लुम्बिनी निर्माण सेवा सन्धिखर्क-०८, अर्घाखाँची | २०८६४९८.८६( बिस लाख छ्यासी हजारचार सय अन्ठानब्बे रुपैया छ्यासी पैसा मात्र) |
| WIDDARG/ NCB-20/081-82 | सन्धिखर्क-०४,र छत्रदेव-०६अर्घाखाँची | लुम्बिनी निर्माण सेवा सन्धिखर्क-०८, अर्घाखाँची | ८४१९९०७.६४(चौरासी लाख उन्नाइस हजार नौ सय सात रुपैया चौसठ्ठी पैसा मात्र) |
| WIDDARG/ NCB-21/081-82 | सन्धिखर्क-०६,अर्घाखाँची | सहिद निर्माण सेवा सन्धिखर्क-०२, अर्घाखाँची | ९०३६६४६.७२(नब्बे लाख छतीस हजार छ सय छयालीस रुपैया बहत्तर पैसा मात्र) |

नि.डिभिजन प्रमुख

**Butwal Sub-Metropolitan City**
**Office of the Municipal Executive**
Butwal, Rupandehi
Lumbini Province, Nepal

**Invitation of Bid**

**Date of Publication: 2081/11/19 B.S.**

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the following's construction works.

| S. N | Contract No. | Description of works | Specific Nature of Similar Work Experience (NRs) | Average Annual Turnover (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 48/081-82/ BSMC/ WORKS /NCB | Supply, Delivery and Installation of Advertisement Display and High MastLight in Different Places of Butwal Sub Metropolitan City | 9.22 Million | 34.55 Million | 0.65 Million | 5,000.00 | 2081/12/21 B.S Time upto 12.00hrs | 2081/12/21 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |
| Deposit Account No. | 3120100303000002 | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Pre-bid Meeting shall be held at Bhawan Nirmaan Mahasakha, Date : 2081/12/13, Time 13:00 hrs

5.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

6.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Butwal Sub-Metropolitan City**
**Butwal, Rupandehi**

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# ‘जनयुद्ध’ लडेका पाण्डे कृषि पेशामा रमाउँदै



**राधिका भुसाल**
*प्यूठान*

बन्दुकको समिश्रणबाट मात्र क्रान्ति सफल हुन्छ भन्ने मान्यता बोकेका हुमलाल यतिबेला कृषि पेशामा रमाउँदै छन् । तत्कालीन नेकपा माओवादीको सशस्त्र जनयुद्ध रोजेका ऐरावती गाउँपालिका-६ दमारका ६३ वर्षीय हुमलाल पाण्डे यतिबेला राजनीतिमा निष्क्रिय हुँदै व्यवसायिक कृषि पेशामा सक्रिय छन् । उनले अर्घाखाँचीको खिल्जीबाट केराका बेर्ना खरिद गरी केराखेती सुरु गरेका हुन् ।

हिजोआज उनले आफ्नैं २० रोपनी जमिनमा व्यवसायिक कृषिखेती गरेका हुन् । १३ रोपनी जमिनमा केराखेती गरेका छन् भने ७ रोपनीमा कागती लगाएका छन् । केराखेतीमा राम्रो सम्भावना देख्दै विगत ६ वर्षदेखि व्यवसायिक रुपमा केराखेती सुरु गरेको उनले बताए । ‘सुरुवाती चरणमा ३ लाख लगानी गरी केराखेती सुरु गरेको थिए,’ उनले भने-‘अहिले केराको घरि र बेर्ना बिक्री गरी वार्षिक ५ लाख जति आम्दानी गर्न थालेको छु ।’ ६३ वर्षका पाण्डेले उर्जाशील उमेर जति जनयुद्धमा खेर फालेको बताउँदै यो उमेरमा पनि निकै मेहनत गरी कृषि पेशालाई सफल बनाएको बताए । पाण्डेले गत वर्षदेखि ७ रोपनीमा कागती रोपेका छन् । केराखेतीबाट राम्रो आम्दानी हुन् थालेपछि अझैं १ रोपनी जमिनमा केरा लगाउने योजना बनाएको उनले सुनाए । चार वर्षअघि पाण्डे फलफूल फर्म दर्ता गरी निर्वाहमुखी कृषि अन्त्य गरी व्यवसायिक कृषि कर्म गरेको उनले बताए ।

सोही वडाको बैरेनीस्थित १७ रोपनी जमिन खरिद गरेको उनले बताए । उनले भने-‘माटो परीक्षण गरी उत्पादन हुने खालका फलफूल तथा तरकारी खेती गर्ने योजना बनाएको छु ।’ यससँगै व्यवसायिक रुपमा बयर जातका बोका, उन्नत जातका माछा, लोकल कुखुरालगायतका पशुपन्छी पाल्ने उनी सुनाउँछन् ।

बजारीकरणको लागि हालसम्म खासै समस्या नभएको बताउँदै छिमेकी जिल्ला अर्घाखाँचीको सन्धिखर्क, बरौला, बिजुवारलगायतका क्षेत्रमा उत्पादित बस्तु पठाउने गरेको उनको भनाइ छ । ‘युवाहरुलाई विदेश पलाएन रोक्नको लागि राज्यले राम्रो योजना बनाउन पर्यो,’ उनले भने-‘अर्कोको देशमा गएर गुलाम बन्नुभन्दा आफ्नै माटोमा मन लगाएर काम गर्ने हो भने यहाँ पनि राम्रो जीवनयापन गर्न सकिन्छ ।’

राज्यले १२ पास गर्ना साथ कुनै न कुनै पेशामा जोड्न सक्ने हो भने यहाँको खेतीयोग्य जमिन बाँझो पनि रहने थिएन र युवाहरु विदेश पलाएन हुनबाट रोकिने थिए । आफूले यो उमेरमा पनि काम गरेपछि दाम कमाउन सकिन्छ भन्ने सन्देश दिएको उनी बताउँछन् । उनले केराखेती पालिकाकाकै ठूलो भएको समेत दाबी गरे । कृषि तथा पशुपन्छी कार्यालय खलंगाबाट १ लाख र ऐरावती गाउँपालिकाबाट २ लाख गरी ३ लाख रुपैयाँ अनुदान सहयोग पाएको उनले सुनाए ।

२०५३ सालमा माओवादी प्रवेश गरी १० वर्षे जनयुद्ध लडेका पाण्डे २६ वर्षसम्म घरै छोडेर राजनीतिमा होमिएका थिए ।

२०७४ सालको स्थानीय निर्वाचनमा नेतृत्वका लागि उचित स्थान नपाएपछि तन, मन र धन कृषि पेशामा लगाएको उनी बताउँछन् । अबको बाँकी जीवनलाई कृषिमा थप विस्तार गर्दै सफल र उदाहरणको रुपमा आफूलाई चिनाउने उनको लक्ष्य छ ।

# अपराध अनुसन्धानलाई प्रविधिमैत्री बनाउन जरूरी :आचार्य



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अपराध अनुसन्धानलाई थप प्रभावकारी बनाउन प्रविधिमैत्री बन्नुपर्ने आवश्यकता औंल्याएका छन् । प्रहरी प्रशासनको पहिलो प्राथमिकताका रूपमा अनुसन्धानलाई सशक्त बनाउँदै जनविश्वास आर्जन गर्ने तथा परिणाममुखी योजना तर्जुमा गर्न आवश्यक रहेको उनको धारणा छ ।

बुटवलस्थित लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रमा भएको प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी उद्घाटन सत्रमा मुख्यमन्त्री आचार्यले नेपाल प्रहरी अपराध अनुसन्धानका क्षेत्रमा अब्बल भए पनि केही घटनामा परिणाम आउन नसकेको हुनसक्ने तथापि, अधिकांश अपराध अनुसन्धानमा नेपाल प्रहरीले प्रभावकारी नतिजा ल्याएको उल्लेख गरे ।

उनले अनुसन्धान प्रक्रियालाई अझ परिस्कृत गर्दै नयाँ ढंगले अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याए । ‘प्रहरी गर्ने अध्ययन, अनुसन्धानको काममा प्रविधिलाई जोड्न जरुरी छ । अहिले धेरै अपराध साइबर माध्यमबाट हुन थालेका छन्, तसर्थ अनुसन्धान प्रविधि मैत्री हुनुपर्छ,’ उनले भने-‘प्रहरीले अध्ययन, अनुसन्धानको लागि टेक्नोलोजीको प्रयोग बढाउन जरुरी छ ।’

लुम्बिनी प्रदेशका छ जिल्लाहरू भारतसँग सीमाना जोडिएको र खुला सीमा भएकाले अपराध अनुसन्धानमा थप चुनौती रहेको उनले बताए । सीमाबाट अपराधीहरू सजिलै आवतजावत गर्न सक्ने अवस्थालाई ध्यानमा राख्दै सीमा सुरक्षा र अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउनुपर्ने उनको जोड थियो । लागुऔषध ओसारपसार, साइबर अपराध, सीमा दुरुपयोग र अन्य नवीनतम सुरक्षा चुनौतीहरूको गम्भीर विश्लेषण आवश्यक रहेको मुख्यमन्त्री आचार्यको भनाइ छ ।

उनले खुला सीमाका कारण राजस्व चुहावट भइरहेको र तस्करीलाई निरुत्साहित गर्न प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने बताए । कुखुरा, अण्डा, चल्ला, दूधलगायतका वस्तु खुला सीमाबाट भित्रिने कारण नेपाली किसानहरू मर्कामा परेको उल्लेख गर्दै उनले नियन्त्रणका लागि प्रहरी प्रशासनले प्रभावकारी योजना बनाउनुपर्ने सुझाव दिए ।

गोष्ठीमा नेपाल प्रहरीका उच्च अधिकारीहरू, अपराध अनुसन्धान विशेषज्ञ तथा लुम्बिनी प्रदेश प्रहरीका प्रमुखहरूको उपस्थिति रहेको छ । कार्यक्रममा अपराध अनुसन्धानका चुनौतीहरू, अनुसन्धान प्रविधि र सुरक्षा रणनीतिबारे विस्तृत छलफल गरिनेछ । उद्घाटन कार्यक्रममा लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री आदेशकुमार अग्रवाल, प्रहरी अतिरिक्त महानिरिक्षक कुबेर कडायत, लुम्बिनी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक दानबहादुर कार्की, लुम्बिनी प्रदेशका मुख्य न्यायाधिवक्ता यमलाल खनाललगायतको विशेष उपस्थिति थियो ।

# फोहर पानी सफा गर्ने नमूना परियोजना सञ्चालन



पाल्पा । बस्तीबाट निस्किएको ढल सिधैं सडक तथा नदीखोलामा पुर्याइनुको सट्टा प्रशोधन गरेर सफा पानी उपयोग गर्नेगरी पाल्पामा नमूना परियोजना सञ्चालनमा आएको छ ।

जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशील रोटरी क्लब अफ तानसेनले खेर गइरहेको फोहर पानी प्रशोधन गरी थप प्रयोगमा ल्याउन ‘फोहर पानी उपचार युएमएच परियोजना’ सञ्चालनमा ल्याएको हो ।

रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ भुटानको ग्लोबल ग्राउन्ड फन्टअन्तर्गत क्लबले करिब रु चार करोड २२ लाख लागतमा उक्त परियोजना निर्माण गरेको हो । क्लबले उक्त परियोजना निर्माण गरी युनाइटेड मिसन अस्पताललाई हस्तान्तरण गरेको छ । निर्मित परियोजना रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ नेपाल भुटानका निवर्तमान गभर्नर राजेन्द्रमान ध्वजु, क्लबको तानसेनका अध्यक्ष भीमबहादुर श्रेष्ठ, रोटरी इन्टरनेशनलका प्रतिनिधि एन व्रिट, इञ्जिनियर एट आर्मरलगायतले अस्पताललाई एक कार्यक्रमकाबिच उक्त परियोजना हस्तान्तरण गरेका हुन् ।

तानसेन नगरपालिका-१ मिसनस्थित नर्सिङ स्कुल नजिकैको खाली जग्गामा फोहर पानी उपचार सयन्त्रको संरचना निर्माण गरिएको छ । जहाँ मिसन अस्पताल क्षेत्रका करिब तीन सय बढी घर तथा होटल र तानसेन नर्सिङ कलेजबाट निस्किने फोहर पानीको व्यवस्थापन गरिने छ । यहाँ भूसलडाँडा क्षेत्रबाट आएको फोहर पानी र अस्पताल क्षेत्रबाट आएको फोहरको छुट्टाछुट्टै पाइप लाइनसँगै सेप्टी तथा सफा पानी ट्याङ्की निर्माण गरिएको छ । सोही स्थानमा प्रशोधन उपकरण जडान गरिएको छ ।

रोटरी इन्टरनेशनलको आर्थिक सहयोग रहे पनि परियोजना सम्पन्न गर्न युनाइटेड मिसन अस्पताललगायत अन्य संस्थाले पनि क्लबलाई सहयोग गरेका छन् । रोटरी इन्टरनेशनलको सहयोगसँगै जिल्लाका सम्पूर्ण सरोकार भएका निकायको सहयोगका कारण परियोजना सम्पन्न गरिएको क्लबका अध्यक्ष श्रेष्ठले बताए ।

अस्पतालबाट निस्किएको फोहरयुक्त पानी र घरायसी प्रयोगपछि निस्किएको पानीलाई प्रशोधन गरी पुनःप्रयोग गर्न प्रदूषित पानी उपचार संयन्त्र निर्माण गरिएको उनको भनाइ छ ।

अध्यक्ष श्रेष्ठले भने-“हामीले खेर गइरहेको फोहर पानीलाई प्रशोधन गरेर फेरी त्यसलाई उपयोग गर्न सकिन्छ भन्ने लागेर रोटरी इन्टरनेशनलको सहयोगमा दुई वर्ष अगाडि परियोजना अगाडि बढाएका थियौं, आज सबैको सहयोगले उक्त परियोजना सम्पन्न गरी अस्पतालाई हस्तान्तरण गरेका छौं ।”

रोटरीको एक सय २० वर्ष पूरा भएको अवसरमा नवनिर्मत परियोजनाको संरचना अस्पताललाई हस्तान्तरण गरिएको कार्यक्रम संयोजक तथा क्लबका उपाध्यक्ष बङ्कीनचन्द्र खनालले बताए । उनले भने-“हामीले करिब रु चार करोड २२ लाखको लागतमा यो परियोजना तयार पारेका हौं ।”

कार्यक्रममा सहभागीहरूले क्लबले जिल्लामा नमूना परियोजना सञ्चालन गरेकोमा प्रशंसा गर्नुभएको थियो । रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ नेपाल भुटानका निवर्तमान गभर्नर रोटरियन राजेन्द्रमान ध्वजुले क्लब तानसेनले इमान्दारितापूर्ण समयमा परियोजना सफल बनाएको भन्दै आभार व्यक्त गरे । उनले यस ठाउँको आवश्यकता महसुस गरी क्लबले सक्रियता देखाएकाले यहाँ परियोजना सञ्चालन गर्न रोटरी इन्टरनेशनल तयार भएको उल्लेख गरे ।

युनाइटेड मिसन अस्पतालकी निर्देशक डा रचेल कारखले क्लबले अस्पताललाई परियोजना हस्तान्तरण गरेकामा धन्यवाद दिँदै परियोजनाको सही उपयोग गर्ने बताइन् । रोटरी इन्टरनेशनलका प्रतिनिधि एन व्रिट, इञ्जिनीयर एट आर्मर, नेपाली कांग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का केन्द्रीय सदस्य अनिल किशोर घिमिरे, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, पाल्पा व्यापार सङ्घका अध्यक्ष विष्णु कार्की, नेपाल पत्रकार महासङ्घका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेना, क्लबका संस्थापक अध्यक्ष छत्रराज शाक्यलगायतले क्लबले जिल्लामा नमूना काम गरेको भन्दै अन्य सङ्घ संस्थाले पनि यस्तो कामको अनुशरण गर्नुपर्नेमा जोड दिएका थिए ।

# वडा कार्यालय नै ठप्प पारेर जनप्रतिनिधि र कर्मचारी भ्रमणमा



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको कावासोती नगरपालिका १० वडा कार्यालयका जनप्रतिनिधि र कर्मचारीहरु वडा कार्यालयको काम नै ठप्प पारेर भ्रमणमा गएका छन् ।

४ दिन लामो बिदा पारेर १३ फाल्गुनमा भ्रमण गएका टोली ६ दिन बितिसक्दा पनि १८ फाल्गुन आइतबारसम्म भ्रमण सकेर फर्किएका छैनन् । वडा कार्यालयमा अहिले कुनै पनि जनप्रतिनिधि र कर्मचारी छैनन् । स्थानीय बासिन्दाका अनुसार जनप्रतिनिधि नहुँदा वडा कार्यालयको सबै सेवा ठप्प रहेको छ ।

वडा कार्यालय भने हुलाकका कर्मचारीले रुघेर बसेको छन् । कावासोती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लिलाराज पौडेलले ७ दिनको भ्रमणका लागि वडा कार्यालयको जनप्रतिनिधि र कर्मचारी पश्चिम नेपाल भ्रमण गएको जानकारी दिए । पौडेलका अनुसार भ्रमण गएका टोली १७ गते सोमबार मात्र फर्कने छन् ।

पौडेलले भने - ‘कार्यालय नै ठप्प पारेर भ्रमण जाने त होइन । अब जनप्रतिनिधिहरुले गरेको काममा हामीले रोक्न मिलेन ।’ पौडेलका अनुसार उनीहरु पश्चिम नेपालका स्थानीय तहहरुको अवलोकनका लागि भ्रमण गएका हुन् ।

कावासोती नगरपालिकाका सूचना अधिकारी मुक्तिप्रसाद बस्यालले कार्यालयको काम नरोकिने गरी कम्तिमा एक जना जनप्रतिनिधि र एक जना कर्मचारी कार्यालयमा राखेर मात्र भ्रमण जानु पर्ने भए पनि केही वडाहरुले त्यसको पालना नगरेको बताए ।

यस विषयमा जानकारी लिन कावासोती १० का वडाध्यक्ष टेकनारायण महतोसँग सम्पर्क गर्न खोज्दा उनको मोबाइल सम्पर्क हुन सकेन । स्थानीय बासिन्दाले भने वडाका जनप्रतिनिधिहरु र कर्मचारीहरुले पश्चिम नेपाल भ्रमणको बाहनामा भारतको पर्यटकीय क्षेत्र घुम्न गएको दाबी गरेका छन् ।

यसैबिच वडामा जनप्रतिनिधि नभएपछि शवको मुचुल्का उठाउन समेत समस्या भएको छ । स्थानीय एक व्यक्तिले आत्महत्या गरेपछि उक्त शवको मुचुल्कामा हस्ताक्षर गर्ने जनप्रतिनिधि नहुँदा नगरप्रमुख विष्णुप्रसाद भुसाल पुगेर मुचुल्कामा हस्ताक्षर गरेका एक स्थानीयले बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com